**आकाशवाणी समाचार- नेपाली**

**मितिः १६ अप्रेल २०२५**

**समयः ०७.२५ – ०७ः ३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

१. विदेशमन्त्री डा. एस. जयशंकरले छिमेकी प्रथम, एक्ट ईस्ट र बिमस्टेक जस्ता धेरै प्रमुख भारतीय नीतिहरूमा उत्तर-पूर्वी क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको बताउनु भएको छ।

२. बंगलादेशले भारतबाट भूमि बन्दरगाहको माध्यमबाट हुने धागो आयात रोकेको छ।

३. सरकारले भनेको छ २०३० सम्ममा अमेरिकासँग भारतको व्यापार पाँच सय अरब डलर पुग्ने सम्भावना छ।

४. दिल्ली सरकारले सबै विद्यालयहरूलाई अत्यधिक शुल्क र अभिभावक र विद्यार्थीहरूमाथि हुने दुर्व्यवहारको गुनासो विरुद्ध सूचना जारी गरेको छ।

५. आईपीएल क्रिकेटमा पञ्जाब किंग्सले कोलकाता नाइट राइडर्सलाई १६ रनले पराजित गरेको छ।

**जयशंकर उत्तर पूर्व**

विदेशमन्त्री डा. एस. जयशंकरले छिमेकी प्रथम, एक्ट ईस्ट र बिमस्टेक जस्ता धेरै प्रमुख भारतीय नीतिहरूमा उत्तर-पूर्वी क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको बताउनु भएको छ। उहाँले यस क्षेत्रको सान्दर्भिकता समयसँगै बढ्दै जाने कुरामा जोड दिनु भयो। विदेशमन्त्रीले हिजो उत्तर पूर्वी क्षेत्र विकास मन्त्रालयद्वारा आयोजना हुने आगामी पूर्वोत्तर निवेशक शिखर सम्मेलन 2025 को लागि राजदूतहरूको बैठकलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। डा. जयशंकरले विदेशी लगानीकर्ताहरूलाई यस क्षेत्रको विशेषताहरुलाई बुझेर आफ्नो सरकार र उद्योगहरूमा यसलाई प्रवर्द्धन गर्न आग्रह गर्नु भयो। डा. जयशंकरले भन्नु भयो, उत्तर पूर्वी क्षेत्रले पाँच छिमेकी देशहरूसँग आफ्नो सिमाना साझा गर्दछ, जसले भारतीय उपमहाद्वीप र आसियानबीच पुलको रूपमा काम गर्दछ। यस क्षेत्रमा हालै भएका पहलहरूको उल्लेख गर्नु हुँदै उहाँले त्रिपक्षीय राजमार्ग र कलादान परियोजना जस्ता पहलहरू धेरै महत्त्वपूर्ण रहेको बताउनु भयो।

****** ० ******

**बंगलादेशबाट धागो आयात रोकियो**

बंगलादेशले भारतबाट भूमि बन्दरगाहको माध्यमबाट हुने धागो आयात रोकेको छ। बंगलादेशको राष्ट्रिय राजस्व बोर्डले यस सम्बन्धमा एक सूचना जारी गरेको छ, जसमा भूमि बन्दरगाहबाट धागो आयात गर्न अनुमति नदिने भनिएको छ। स्थानीय मिडिया रिपोर्ट अनुसार यी बन्दरगाहहरू भारतबाट धागो आयातको प्राथमिक प्रवेश बिन्दु थिए। कपडा मिल मालिकहरूले यो निर्णयको स्वागत गरेका छन् भने तयारी पोशाक निर्यातकर्ताहरूले यसको आलोचना गरेका छन्। बंगलादेश निटवेयर म्यानुफ्याक्चरर्स एण्ड एक्सपोर्टर्स एसोसिएसनका अध्यक्ष मोहम्मद हातेमले यो कदमले साना तथा मझौला कपडा उद्योगहरूलाई असर गर्ने बताउनु भयो। श्री हातेमले यो सुविधालाई थप छ महिनाको लागि बढाउन माग गर्नु भएको छ।

**पुरी - ओएएलपी**

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले खुला क्षेत्रफल ओपन एकरेज लाइसेंसिंग पॉलिसी (ओएएलपी) नीति अन्तर्गत लिलामीको नवौं चरणमा 1 लाख 36 हजार वर्ग किलोमीटर बढी क्षेत्रफल ओगटेका २८ ब्लकहरू बाँडफाँड गरेको छ।

यसको महत्त्वको बारेमा व्याख्या गर्दै, पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले यसले भारतलाई आफ्नो अप्रयुक्त ऊर्जा क्षमताको उपयोग गर्न र आयात निर्भरता कम गर्न मद्दत गर्ने बताउनु भयो। केन्द्रीय मन्त्रीले यसको ऊर्जा क्षेत्रमा दूरगामी प्रभाव पर्ने बताउनु भएको छ।

****** ० ******

**भारत-अमेरिका व्यापार**

सरकारले भनेको छ कि २०३० सम्ममा अमेरिकासँग भारतको व्यापार पाँच सय अरब डलर पुग्ने सम्भावना छ। नयाँ दिल्लीमा मिडियासँग कुरा गर्नु हुँदै वाणिज्य तथा उद्योग सचिव सुनील बर्थवालले अमेरिकाले लगाएको हालको शुल्कले भारतको लागि चिन्ता र अवसर दुवै सिर्जना गरेको बताउनु भयो। उहाँले भन्नु भयो, भारतले व्यापार उदारीकरणको बाटो अपनाएको छ। भारतले अमेरिकासँग द्विपक्षीय व्यापार सम्झौताको पालना गरिरहेको छ। उहाँले भन्नु भयो, यसले दुवै देशका लागि धेरै अवसरहरू सिर्जना गर्नेछ। श्री बार्थवालले यो पनि उल्लेख गर्नु भयो कि दुवै पक्ष पारस्परिक रूपमा लाभदायक, बहु-क्षेत्रीय द्विपक्षीय व्यापार सम्झौताको लागि व्यापक सहमतिमा पुगेका छन्। जसको लक्ष्य २०२५ सम्ममा यसको पहिलो चरणलाई अन्तिम रूप दिने हो। उहाँले भन्नु भयो, दुवै देशले यसै हप्ता द्विपक्षीय व्यापार सम्झौताको बारेमा छलफल गर्नेछन्। दुई देशले द्विपक्षीय व्यापार सम्झौताको पहिलो भागको सन्दर्भ सर्तहरूमा पनि हस्ताक्षर गर्नेछन्।

****** ० ******

**भारत-पाकिस्तान वक्फ**

संसदले पारित गरेको वक्फ संशोधन ऐनमा पाकिस्तानको आधारहीन टिप्पणीलाई भारतले कडा शब्दमा अस्वीकार गर्दछ। वक्फ विधेयकमा पाकिस्तानको टिप्पणीको बारेमा मिडियाको प्रश्नको जवाफ दिँदै, विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भन्नु भयो, पाकिस्तानलाई भारतको आन्तरिक मामिलामा टिप्पणी गर्ने कुनै अधिकार छैन। उहाँले भन्नु भयो, पाकिस्तानले अरूलाई उपदेश दिनुको सट्टा अल्पसंख्यकहरूको अधिकारको रक्षा गर्ने कुरामा आफ्नै कमजोर रेकर्ड हेर्नुपर्छ।

****** ० ******

**मुख्यमन्त्री – दिल्ली**

दिल्ली सरकारले राष्ट्रिय राजधानीका सबै विद्यालयहरूलाई अत्यधिक शुल्क र अभिभावक र विद्यार्थीहरूमाथि हुने दुर्व्यवहारको गुनासो विरुद्ध सूचना जारी गरेको छ। हिजो नयाँ दिल्लीमा मिडियासँग कुरा गर्नु हुँदै दिल्लीका मुख्यमन्त्री रेखा गुप्ताले भन्नु भयो, कुनै पनि विद्यालयलाई कुनै पनि अभिभावक वा बालबालिकालाई दुर्व्यवहार गर्ने, उनीहरूलाई विद्यालयबाट निष्कासन गर्ने धम्की दिने वा सामान्य शुल्क बढाउने अधिकार छैन। उहाँले भन्नु भयो, राज्य सरकारले यस्ता कुनै पनि कार्यलाई सहने छैन। दिल्लीका मुख्यमन्त्रीले थप उल्लेख गर्नु भयो, स्कूल शुल्कमा कुनै पनि वृद्धि विद्यमान नियम र कानूनभित्रै लागू गरिनुपर्छ र यसको उल्लंघन गरेको पाइएमा कुनै पनि विद्यालयले परिणाम भोग्नु पर्नेछ।

****** ० ******

**महाराष्ट्र सरकार र आईबीएमबीच सम्झौता**

आर्टिफिसियल इन्टेलिजेन्स - एआई मार्फत प्रशासनिक रूपान्तरणका लागि मुम्बईमा महाराष्ट्र सरकार र आईबीएम टेक्नोलोजी (भारत) बीच एक समझदारी पत्रमा हस्ताक्षर भएको छ। यस अवसरमा महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीस, उप मुख्यमन्त्री एकनाथ शिन्दे र अजित पवार उपस्थित थिए।सम्झौता अनुसार, मुम्बई, पुणे र नागपुरसहित राज्यमा ३ वटा आर्टिफिसियल इन्टेलिजेन्स केन्द्रहरू स्थापना गरिनेछ। यसले आर्टिफिसियल इन्टेलिजेन्स, हाइब्रिड क्लाउड, डाटा एनालिटिक्स, साइबर सुरक्षा र ऑटोमेशन जस्ता आधुनिक प्रविधिहरू प्रयोग गरेर सार्वजनिक सेवा वितरण र प्रशासनिक दक्षता बढाउने लक्ष्य राखेको छ।सरकारी सञ्चालनलाई स्वचालन, कार्यप्रवाह एकीकरण, भविष्यवाणी र विश्लेषण, र सम्पत्ति व्यवस्थापनका लागि जेनेरेटिभ एआई प्रयोग गरेर आधुनिकीकरण गरिनेछ, मुख्यमन्त्री कार्यालयले भनेको छ।

## दुबई-भारतीय मृत्यु

दुबईमा एक पाकिस्तानी नागरिकले तेलंगानाका दुई युवाको हत्या गरेका छन्। यो घटना गत ११ अप्रेलमा भएको थियो, जब दुबईको मोडर्न बेकरीमा काम गर्ने निर्मल जिल्लाका अष्टपु प्रेम सागर र निजामाबाद जिल्लाका श्रीनिवासलाई साम्प्रदायिक विवादको कारण एक पाकिस्तानी सहकर्मीले निर्ममतापूर्वक हत्या गरेका थिए। यस घटनामा अन्य दुईजना गम्भीर घाइते भएका छन्, उनीहरूको उपचार भइरहेको छ। एक घाइते प्रत्यक्षदर्शीका अनुसार पाकिस्तानी नागरिकले काम गर्ने समयमा आक्रमण गरेका थिए। उनले अष्टपु प्रेम सागरको मुटुमा छुरा प्रहार गरे र श्रीनिवासको टाउको काटेका थिए। घटनापछि अभियुक्तहरूले धार्मिक नारा पनि लगाए।सामाजिक सञ्जालमा पोस्ट गर्दै, केन्द्रीय गृह राज्यमन्त्री बन्दी संजयले भन्नु भयो, श्री अष्टपु प्रेम सागर र श्रीनिवासको दुखद हत्याबाट उहाँ धेरै दुःखी हुनुहुन्छ। उहाँले विदेश मन्त्रालयका अधिकारीहरूसँग कुरा गरेको र गृह मन्त्रालयको कार्यालय उनीहरूको परिवारसँग निरन्तर सम्पर्कमा रहेको बताउनु भएको छ। शव फिर्ताको पर्खाइमा रहेका परिवारहरूलाई मन्त्रीले पूर्ण सहयोगको आश्वासन दिनु भएको छ। प्रक्रिया छिटो बनाउन भारतीय वाणिज्य दूतावासमार्फत दुबई पुलिसलाई अनुरोध गरिएको छ।

## मौसम

भारतीय मौसम विज्ञान विभागले आगामी दुई दिनमा राजस्थान र गुजरातमा गर्मीको लहर आउने पूर्वानुमान गरेको छ। तमिलनाडु, पुडुचेरी, कराइकल, केरला, माहे र तटीय कर्नाटकमा आज गर्मी र आर्द्रता रहने सम्भावना छ। आसाम र मेघालयमा भोलिसम्म भारी वर्षा हुने पूर्वानुमान गरिएको छ। मौसम विभागले आगामी ३ देखि ४ दिनमा उत्तर, उत्तरपूर्वी र पूर्वी भारतमा मेघगर्जन, बिजुली र तेज हावासँगै हल्कादेखि मध्यम वर्षाको पूर्वानुमान गरेको छ। उत्तर र दक्षिण आन्तरिक कर्नाटक, तटीय आन्ध्र प्रदेश, यानम, केरला र माहेमा पनि यस्तै अवस्थाको अपेक्षा गरिएको छ।

## आईपीएल क्रिकेट

आईपीएल क्रिकेटमा पञ्जाब किंग्सले कोलकाता नाइट राइडर्सलाई १६ रनले पराजित गरेको छ। हिजो राति चण्डीगढको महाराजा यादविन्द्र सिंह अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममामा पञ्जाब किंग्सले ११२ रनको लक्ष्य दिएको थियो। जवाफमा कोलकाता नाइट राइडर्सको टोलीले १५ ओभर र एक बलमा ९५ रन मात्र बनाउन सक्यो।

****** ० ******